प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम बुटवल, नेपाल

# ८५ औं सचिव बैठकका निर्णयहरु:-

१)नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०९/२९ गतेको निर्णयानुसार नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा भई लुम्बिनी प्रदेशको प्रमुख सचिवमा पदस्थापना हुनु भएका श्री भरतमणि सुवेदीलाई स्वागत गरियो ।

२)प्रदेश सरकारका कामकारवाहीलाई अझ बढी व्यवस्थित, प्रभावकारी र नतिजामुलक बनाउन देहायबमोजिमका निर्णयहरु गरियो:

क)सबै मन्त्रालयहरुले आफ्नो मन्त्रालय अन्तर्गतका कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा, अध्ययन, राजिनामा लगायतका विषयहरुलाई ध्यान दिंदै मानव संसाधन व्यवस्थापन योजना (Human Resource Management Plan) बनाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने ।

ख)स्थायी राजधानीमा रहने मन्त्रालय वा अन्तर्गतका निकाय वा मन्त्रालयसँग सम्बन्धित अन्य सरकारी तथा गैरसरकारी कार्यालय तथा निकायको लागि के-कस्तो भौतिक संरचना आवश्यक पर्ने हो सो सम्बन्धी विवरण तत्काल स्थायी राजधानी व्यवस्थापन समितिमा लेखि पठाउने ।

ग)राजधानी व्यवस्थापनका लागि जग्गा अभिलेख(Record) अध्यावधिक गर्ने विषय भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयले अगाडी बढाउने । राजधानी व्यवस्थापनका लागि Land Pulling सम्बन्धी कानून निर्माण गर्ने कार्यलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरोकारवालासँग आवश्यक छलफल तथा समन्वय गरी कानून निर्माणको कार्य अगाडी बढाउने ।

घ)प्रदेशमा रहेका NGO/INGO को संख्या के कति रहेको छ? कुन-कुन क्षेत्रमा काम गरिरहेका छन? सो सम्बन्धी विवरण सामाजिक विकास मन्त्रालयले तयार गर्ने ।

ङ) मन्त्रालयस्तरका वार्षिक कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयनको नियमित अनुगमन कार्यलाई अझ बढि प्रभावकारी रुपमा अगाडी बढाउने ।

च) आ.व.२०७७/७८ को बार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका कार्यक्रमहरु र सोको लागि विनियोजित बजेट कार्यान्वयन गर्न नसक्ने अवस्था भएमा दोश्रो चौमासिक भित्रै समर्पण(Surrender) गर्ने । साथै पुंजीगत खर्च बढाउन प्रभावकारी रुपमा काम गर्ने ।

छ)प्रदेशको समग्र संगठन तथा व्यवस्थापन सर्भेक्षण(O&M) र मन्त्रालयस्तरको O&M को कार्यलाई सबै मन्त्रालयसँगको समन्वयमा मुख्यमन्त्री कार्यालयले सुरु गर्ने ।

प्रमुख सचिव

ज)प्रदेश सरकारबाट निर्माणाधिन Refresh Center हरुमा पेट्रोल पम्प राख्ने विषयमा उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयले निरिक्षण गरी आवश्यक प्रक्रिया अगाडी बढाउने ।

झ)मिति २०७५/०४/१५ गतेको सचिव बैठकको निर्णयबाट प्रदेश मन्त्रालय एवं निकायहरुको कार्यालय तथा आवास व्यवस्थापन कार्यमा समन्वय गर्न गठित समितिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बैठक तथा प्रशासन हेर्ने सचिवको संयोजकत्वमा आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको उपसचिव तथा भौतिक पूर्वाधार विकास मन्त्रालयको सि.डि.ई. सदस्य रहने व्यवस्था रहेको तर प्रचलनमा सम्बन्धित मन्त्रालयकै सचिव सदस्यको रुपमा उपस्थित भई काम भएको सन्दर्भमा समितिमा रहेका सदस्यको रुपमा सम्बन्धित मन्त्रालयहरुको सचिव नै रहने ।

ञ)मन्त्रालयहरुले निर्माण गर्नुपर्ने आफ्नो कार्यक्षेत्र भित्रका ऐन तथा कानूनहरुको कार्ययोजना सम्बन्धित मन्त्रालयसँगको समन्वय तथा सहकार्यमा तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून सचिवले पेश गर्ने ।साथै मन्त्रालयहरुले आफ्नो कार्यक्षेत्र रहेका ऐन अनुसार निर्माण गर्नुपर्ने नियम तथा कार्यविधिलाई प्राथमिकताका साथ निर्माण गर्ने ।

ट)राष्ट्रिय गौरवका तथा प्रदेश गौरवका आयोजनाहरुको कार्यान्वयनमा विषयक्षेत्र सम्बन्धी मन्त्रालयले आवश्यक समन्वय तथा सहजिकरण गरी शीघ्र र प्रभावकारी कार्यान्वयन भए नभएको नियमित जानकारी लिने र सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत पठाउने ।

ठ)मन्त्रालय र अन्तर्गतका निकायहरुको आन्तरिक तथा अन्तिम लेखा परिक्षण भई रहेको सन्दर्भमा यथासमयमै नियमित र सम्परिक्षण गर्नुपर्ने विषयहरु गरी बेरुजु नियन्त्रण तर्फ पर्याप्त ध्यान दिने ।

ड)COVID-19 को असर र प्रभाव कायमै रहेको सन्दर्भमा आमनागरिकको स्वास्थ्य सुरक्षाका लागि सामाजिक विकास मन्त्रालयले COVID-19 नियन्त्रण,निगरानी र उपचार तर्फ पर्याप्त ध्यान दिने ।

प्रमुख सचिव